# केन्द्रीय कानून पुस्तकालय

## रानीपोखरी, काठमाडौं

## आ.व. २०७९।०८०को तीन महिना

## (२०७९ साउन  देखि २०७९ असोज मसान्त सम्म)

**यस पुस्तकालयले सम्पादन गरेका कार्यहरूको प्रगति विबरण सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५को उपदफा (३)को प्रयोजनको लागि प्रत्येक ३/३ महिनामा अध्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने ब्यवस्था अनुसार यहि मिति २०७९ साउन १ देखि २०७९ असोज मसान्त सम्म सम्पादित कामको बिवरण यस पुस्तकालयको website: cll.gov.np मा सवैको निमित्त सार्वजनिक गरिएको जानकारी ।**

### १. पुस्तकालयको संक्षिप्त परिचयः

कानून विषयको अध्ययन अनुसन्धानको निमित्त उपयुक्त सार्वजनिक पुस्तकालय नभएको, आन्तरिक प्रयोजनका लागि स्थापना गरिएका संस्थागत पुस्तकालय जस्तै मन्त्रालयहरूका पुस्तकालय, अदालतका पुस्तकालय, महान्यायाधिवक्ताको पुस्तकालय, नेपाल बारका पुस्तकालय आदीमा बिद्यार्थी तथा कानूनका अध्येताहरूको सहज रूपमा पहुँच नपुग्ने भएकोले कानून अध्ययन, अनुसन्धानको निमित्त केन्द्रीय स्तरको सार्वजनिक पुस्तकालयको आवश्यकता महशूस गरी सर्वोच्च अदालतको समेत अग्रसरतामा केन्द्रीय कानून पुस्तकालयको स्थापना गरिएको हो ।

नेपाल सरकारले विकास समिति ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको केन्द्रीय कानून पुस्तकालय विकास समिति गठन आदेश २०५२ बाट केन्द्रीय कानून पुस्तकालयको स्थापना तथा सञ्चालन गरिएको हो । पुस्तकालय सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार तथा भौतिक संरचना, कर्मचारी तथा प्रशासनिक खर्च नेपाल सरकारबाट उपलब्ध हुँदै आएकोछ । साथै पुस्तकालयलाई विभिन्न संघ, संस्थाबाट समेत पुस्तकहरू सहयोग स्वरूप प्राप्त हुने गरेको छ ।

विकास समिति गठन आदेशमा ब्यवस्था भए बमोजिम केन्द्रीय कानून पुस्तकालय विकास समितिको सञ्चालन गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा  कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता, शिक्षा मन्त्रालयका सहसचिव, नेपाल वार एसोसिएसनका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयको कानून संकायका डीन सदस्य र पुस्तकालय प्रमुख सचिव रहेको समिति रहने व्यवस्था गरिएको छ ।

पुस्तकालयको गठन आदेशमा ब्यवस्था भएबमोजिम स्वदेश तथा विदेशबाट प्रकाशित भएका कानून विषयका पुस्तक, अदालतका फैसलाहरू, पत्रपत्रिका र टिपोट आदिको संकलन गर्ने, व्यवस्थित गर्ने लगायतका कार्यहरू यस पुस्तकालयले गर्दै आईरहेको छ । यसका अलावा पुस्तकालयलाई आवश्यक पुस्तक तथा अन्य सामाग्रीहरू प्राप्त गर्ने कार्य समेत पुस्तकालयले गर्दै आएको छ ।

पुस्तकालयमा कानून विषयका १७,४७३ भन्दा बढी पुस्तकहरू रहेका छन् । यो कानून विषयको एक मात्र विशिष्टिकृत सार्वजनिक पुस्तकालय भएकोले विशेषगरी यहाँबाट कानून बिषयका स्नातक, स्नातकोत्तर, तथा विद्यावारिधि अध्ययन गर्ने हजारौ विद्यार्थीहरूले सहज रूपमा सेवा पाईरहेका छन् । यसका अलावा विभिन्न अदालतका न्यायाधीशहरू, वकिल तथा कानून विषयका प्राध्यापकहरू समेतलाई यस पुस्तकालयले अध्ययन अनुसन्धानको निमित्त पाठ्य सामाग्री तथा अन्य सेवाहरू उपलब्ध गराई सहयोग पुऱ्याउदै आएको छ । यस पुस्तकालय वार्षिक रूपमा २०,००० भन्दा बढी पयोगकर्ताले प्रयोग गर्ने तथा सेवा लिने गरेका छन् ।

## २. मुख्य कार्यहरू

१ पुस्तकालयको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

२ पुस्तकालयको सुधार, विस्तार र सेवाको स्तर वृद्धिगर्न आवश्यक श्रोत र साधनको खोजि गर्ने ।

३ नेपाल प्रकाशित कानूनका पुस्तक, पत्रपत्रिका टिपोट आदिको संकलन गर्ने ।

४ नेपाल बाहिरबाट प्रकाशित कानूनको दृष्टिले महत्वपूर्ण मानिएका पुस्तक, विभिन्न अदालतबाट भएका फैसला तथा पत्रपत्रिकाहरूको संकलन गर्ने

५ पुस्तकालयको विकासको लागि विभिन्न पुस्तकालयहरूसंग समन्वय राखि काम गर्ने

६ नेपाल सरकारको स्वीकृती लिई विदेशी संघ, संस्था एवं व्यक्तिहरूबाट पुस्तक, पत्रिका लगायत पुस्तकालयकोलागि आवश्यक सामाग्रिहरू प्राप्त गर्ने ।

७ पुस्तकालय विकास सम्बन्धि अन्य कार्यहरू गर्ने गराउने ।

## ३. सांगठनिक संरचना

केन्द्रीय कानून पुस्तकालय विकास समिति
(बोर्ड)
⇩
पुस्तकालय प्रमुख
⇩
कर्मचारीहरू

## ४. दरवन्दी

पुस्तकालय प्रमुख- १ (अधिकृत द्वितीय (करार सेवा)

पुस्तकालय अधिकृत-१ (अधिकृत तृतीय)

पुस्तकालय सहायक- २ (सहायक प्रथम)

लेखापाल -१ (सहायक प्रथम)

सहायक कम्प्युटर अपरेटर-१ (सहायक द्वितीय)

काउन्टर सहायक-१ (सहायक द्वितीय) (करार सेवा)

हलुका सवारी चालक –१

कार्यालय सहयोगी -२ (करार सेवा)

**५. पुस्तकालयबाट प्रदान गरिने सेवाहरू**

१. पुस्तक तथा अध्ययन सामाग्री सेवा

२. सन्दर्भ सेवा

३. पाठक सहायता सेवा

४. फोटोकपि सेवा

५. इन्टरनेट सेवा

६. विद्युतीय पुस्तकालय सेवा

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

१. फोटोकपि सेवा प्रति पेज रू. १।५०

२. इन्टरनेट सेवा प्रति घण्टा रू. १०

३. प्रिन्टिङ्ग सेवा एकतर्फ रू.३ दुवैतर्फ रू.५

४. पुस्तकालयका अन्य सेवाहरू निशुल्क रूपमा उपलब्ध छन् ।

**७. सेवा प्राप्त गर्न लाग्ने अवधी**

तत्काल उपलब्ध हुने

**८. सम्पादन गरेका कामको विबरण**

१. २०७२ सालको भुकम्पले क्षति पुर्याएको पुस्तकालय भवनको राष्ट्रिय पुनर्निर्माण प्रधिकरणको सहयोगमा प्रवलिकरण कार्य सम्पन्न भई पुस्तकालय साविककै भवनबाट सञ्चालन गरिएको छ ।

२. पुस्तकालयले २०७९ साउन १ देखि २०७९ असोज मसान्त सम्ममा करिव ६००० पाठकहरूलाई सेवा पुर्याएको छ । पुस्तकालयमा हाल एक पटकमा करिव १०० प्रयोगकर्ताहरूलाई सेवा पुऱ्याउन सक्ने क्षमता छ ।

३. आ.व. ०७९।०८०को असोज मसान्त सम्ममा पुस्तकालयलाई २९ थान पुस्तकहरू विभिन्न संघ, संस्थाहरूबाट उपहार स्वरूप प्राप्त भएको छ।

४. पुस्तकालय ब्यवस्थापन सम्बन्धी कम्प्युटर सफ्टवेयर (KOHA)प्रयोग गरी पुस्तकालयमा भएका पुस्तकहरूको Online Public Access Catalogue तयार गरीएको छ। उक्त क्याटलगमा आ.व. २०७९।०८०को असोज मसान्त सम्ममा १३,३८० पुस्तकहरू सूचिकृत भएका छन् । उक्त पुस्तकहरूको सूचि पुस्तकालयको वेब साईट www.cll.gov.np मा हेर्न सकिन्छ।

५. यसैगरी पुस्तकालयमा D-Space Software को प्रयोग गरी Thesis लगायतका Full Text Document समेत offline access गर्न सकिने ब्यवस्था मिलाइएको छ। यसमा हाल त्रिभुवन विश्वविद्यालय, कानून संकायबाट प्राप्त भएका ११ थान विद्यावारिधिका शोधपत्रहरू हेर्न सकिन्छ।

६. श्री कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट केहिथान कम्प्युटरहरू सहयोग स्वरूप प्राप्त गरी पुस्तकालयमा इ-पुस्तकालय समेत स्थापना गरिएको छ जहाँ एक पटकमा १० जना पाठकहरूले आफुलाई आवश्यक पाठ्य सामाग्री खोजि गरी अध्ययन गर्न सक्दछन्।

७. पुस्तकालय सुधार तथा विस्तार सवरूप हाल पुस्तकालय भवनको आगनमा इन्टरलक ब्लक बिच्छ्याउने, छानामा फल्स सिलिङ्ग राख्ने, काठको लकर निर्माण, बुक केश निर्माण, १० थान अध्ययन टेबल तथा ३० थान कुर्सी खरिद गर्ने लगायतका काम सम्पन्न भएको छ। सम्पन्न हुन बाँकी कार्यको लागि सम्बन्धित निकायमा पेश गरी कार्यान्वयनको लागि पहल भैरहेको छ।

## ९. प्रमुख र सूचना अधिकारीको नाम र पद

पुस्तकालय प्रमुख श्री केन्द्रा फोम्बो कार्यालय प्रमुख रहेको यस पुस्तकालयको सूचना अधिकारीको रूपमा पुस्तकालय सहायक श्री स्वराज पोखरेल तोकिनुभएको छ।

## १०. ऐन, नियम सूचि

१. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२
२. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) (पहिलो संसोधन) आदेश, २०७३
३. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) नियमावली, २०५७
४. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पहिलो संसोधन) नियमावली, २०७०
५. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (दोस्रो संसोधन) नियमावली, २०७३
६. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (तेस्रो संसोधन) नियमावली, २०७५
७. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (चौथो संसोधन) नियमावली, २०७५
८. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पाचौं संसोधन) नियमावली, २०७८

# ११.आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण

म.ले.प.फार्म.१३

**नेपाल सरकार**
**केन्द्रीय कानून पुस्तकालय**
**रानीपोखरी, काठमाडौं**
**खर्चको फाँटवारी**
**२०७९/०८० साउन भाद्र असोज महिनाको**

नेपाल सरकार केन्द्रीय कानून पुस्तकालय रानीपोखरी जमल, काठमाडौं २०५०

| यो महिनाको खर्च | २०७९साल.. त्रैमासिक.सम्म निकासा | वजेट रकम नं. | हिसाबको नाम | वजेट रकम (वार्षिक) | २०७९साल.. त्रैमासिक.सम्म निकासा | बाँकी |
|---|---|---|---|---|---|---|
| १२,७३,७९८। | १२,७३,७९८। | २११११ | तलब | १२७,३,७९८। | १२७,३,७९८। | |
| – | – | २११२१ | पोशाक | – | – | × |
| ३०,०००। | ३०,०००। | २११३२ | महंगी भत्ता | ३०,०००। | ३०,०००। | × |
| – | – | २११३५ | प्रोत्साहन तथा पुरस्कार | – | – | × |
| – | – | २११४१ | बैठक भत्ता | – | – | × |
| ३०,००२। | ३०,००२। | २२१११ | पानी बिजुली महसुल | ३०,००२। | ३०,००२। | × |
| – | – | २२११२ | सञ्चार महसुल | – | – | × |
| – | – | २२२१२ | इन्धन | – | – | × |
| – | – | २२२१३ | सवारी साधन मर्मत खर्च | – | – | × |
| – | – | २२२१४ | बिमा तथा नविकरण खर्च | – | – | × |
| – | – | २२२९१ | सञ्चालन तथा मर्मत संभार खर्च | – | – | × |
| – | – | २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | – | – | × |
| – | – | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | – | – | × |
| – | – | २२४१२ | सूचना प्रणाली तथा सप्टवेयर सञ्चालन खर्च | – | – | × |
| १५,०००। | १५,०००। | २२४१३ | करार सेवा शुल्क | १५,०००। | १५,०००। | × |
| – | – | २२७११ | विविध खर्च | – | – | × |
| – | – | २७३१२१२ | सेवा निबृत्त सुविधाहरु | – | – | × – |
| – | – | ३१११५ | फर्निचर्स तथा फिक्चर्स | – | – | × – |
| – | – | ३११२२ | मेसिनरी सामान | – | – | × |
| १३,४८,८००। | १३,४८,८००। | | जम्मा | १३,४८,८००। | १३,४८,८००। | × |

**कोषको व्यवस्था:-**

मिति. २०७८। । । बैकको नाम. राष्ट्रिय वाणिज्य बैक, थापाथली बैंक खाता नं.१४३०१००००२४८५००१

जम्मा जम्मी निकासा

जम्मा जम्मी खर्च
बाँकी
फर्छिन बाँकी पेश्की:-

पेश्की कटाई बाँकी खर्च :-
नगद मौज्दात जाँच गर्दा ठिक छ भनी सही गर्ने

पेश गर्ने:- Prestha
दर्जा :- (लेखापाल )

बैंक मौज्दात :-
तहविलमा मौज्दात :-

ठिक छ भनी सही गर्ने:-

सदर गर्ने :-

दर्जा :- ( पुस्तकालय प्रमुख )

CS Scanned with CamScanner